THE
CARTER CENTER

**नेपालमा स्थानीय तहमा हुने राजनितिक विवाद निराकरणको संक्षिप्त विवरण**
३० डिसेम्बर २०१०

## अ. प्रारम्भ तथा मूल सारांश

यस दस्तावेजले जिल्ला तथा गाउँ तहका राजनीतिक विवाद समाधानका पद्धतिहरूका साथै स्थानीय द्वन्द्व निराकरणमा राजनीतिक दलको भूमिकाबारे कार्टर सेन्टरले हालसम्म गरेका पर्यवेक्षणको सारांश प्रस्तुत गरेको छ । यसमा गैर राजनीतिक विवाद एवं द्वन्द्व निराकरण संयन्त्रहरूबारे प्राप्त तथ्यहरूको संक्षिप्त विवरण समेत समाविष्ट छन् ।[1] वृहत तथ्यहरूलाई उजागर गर्नका लागि सम्भव भएसम्म निश्चित उदाहरणहरू प्रस्तुत गरिएका छन् । यो प्रतिवेदन स्थानीय तहका राजनीतिक र गैरराजनीतिक विवाद समाधानका वर्तमान अभ्यासहरूलाई राम्ररी बुझ्न खोज्ने व्यक्ति तथा संगठनहरूका लागि संक्षिप्त विवरण तथा पृष्ठभूमि दस्तावेजको रूपमा लक्षित छ ।

**सामान्य तथ्यहरू:**

१. गम्भीर राजनीतिक विवादहरू जस्तै राजनीतिक दलका कार्यकर्ताबीचका झडपहरू अधिकांशतः सम्बन्धित राजनीतिक दलहरूकै बीचमा र कहिलेकाहीं सर्वदलीय बैठकहरूबाट मिलाइन्छन् । तिनीहरूलाई न्यायिक प्रणाली वा स्थानीय शान्ति समितिहरूबाट कमै मिलाइन्छन् ।

२. बजेट तथा विकास सम्बन्धी विवादहरू खास गरी जिल्ला विकास समिति (जि.वि.स.) र गाउँ विकास समितिहरूका (गा.वि.स.) सर्वदलीय संयन्त्रहरूबाट मिलाइन्छन् ।

३. भ्रमण गरिएका थोरै जिल्लाका स्थानीय शान्ति समितिहरूले केही विवादहरूको सम्बोधन गर्न सहयोग गरेका छन् । थोरै अपवादबाहेक, ती स्थानीय शान्ति समितिहरूले आफूलाई गम्भीर राजनीतिक विवादहरूमा मात्र सीमित राखेका छन् र स्थानीय द्वन्द्वहरूलाई सम्बोधन गर्ने व्यापक प्रयासहरूमा संलग्न छैनन् ।

४. एकीकृत नेपाल कम्यूनिष्ट पार्टी (माओवादी) को “जनअदालत” अन्त्य भएको प्रतीत हुन्छ । तथापि, केही अन्तर्वार्ता लिइएका व्यक्तिहरुले एनेकपा(माओवादी) कार्यकर्ताहरूले निश्चित क्षेत्रमा विवाद निराकरणका लागि असामान्य भूमिका जारी राखेकोप्रति चासो देखाएका छन् ।

५. राजनीतिक दलहरूले आफ्ना कार्यकर्ता संलग्न भएका व्यक्तिगत विवादमा प्रायः सहयोग गरे पनि सामान्यतः नागरिकहरूको बीचमा भएका विवाद निराकरण गर्न उनीहरूले मुख्य भूमिका खेलेको देखिँदैन ।

६. गा.वि.स. तथा जिल्ला तहमा प्रहरी र अदालतले अत्यन्त गम्भीर मुद्दाहरुबाहेक सबैमा विवादकर्ताहरुलाई कानूनी कारवाहीभन्दा मध्यस्थता खोज्न प्रोत्साहन गर्दछन् ।

७. अधिकांश विवादहरूमा राजनीतिक दल वा दलका सदस्यको संलग्नता हुँदैन र अधिकांश विवादहरू राज्यका संयन्त्रभन्दा बाहिरै मिलाइन्छन् ।

---

[1] सार्वजनिक सुरक्षा, प्रहरी तथा अदालतहरूका बारेमा अझ गहन जानकारीका लागि पाठकहरूलाई सेफर वर्ल्डको वेबसाइटमा उपलब्ध विभिन्न प्रतिवेदनहरू हेर्नका लागि प्रोत्साहित गरिन्छ । प्रतिवेदनहरू http://www.saferworld.org.uk/search-resources.php?pubType=Report&country=8 मा उपलब्ध छन् ।

## आ. कार्यपद्धति

२०१० को जुलाई र सेप्टेम्बरको बीचमा कार्टर सेन्टरका पर्यवेक्षकहरूले स्थानीय विवादका स्रोतहरू तथा तिनको निराकरणका पद्धतिहरूमाथि केन्द्रित हुँदै दुई हिमाली, सात पहाडी तथा छ तराईका गरि १५ जिल्लाको भ्रमण गरे । पर्यवेक्षकहरूले नागरिक, राजनीतिक दलका सदस्य, सरकारी तथा सुरक्षा अधिकारी र नागरिक समाजका प्रतिनिधिहरूसँग कुरा गरे । यो प्रतिवेदनले जुन २००९ मा शान्ति प्रक्रिया तथा संवैधानिक प्रक्रियाको पर्यवेक्षण गर्ने सेन्टरको वर्तमान कार्यको थालनी गरेपश्चात् पर्यवेक्षकहरूले गरेका अन्तर्वार्ताहरूको समेत उपयोग गरेको छ ।

## इ. सामान्य तथ्यहरू

### १. गम्भीर राजनीतिक विवादहरू जस्तै राजनीतिक दलका कार्यकर्ताबीचका झडपहरू अधिकांशतः सम्बन्धित राजनीतिक दलहरूकै बीचमा र कहिलेकाहीं सर्वदलीय बैठकहरूबाट मिलाइन्छन् । तिनीहरूलाई न्यायिक प्रणाली वा स्थानीय शान्ति समितिहरूबाट कमै मिलाइन्छन् ।

घाउचोट लागेका सहित अन्य राजनीतिक विवाद तथा झडपहरू अधिकांशतः सर्वदलीय बैठक वा न्यायिक प्रक्रियाहरूबाट नभै संलग्न राजनीतिक दलहरूको प्रत्यक्ष संलग्नतामा सुल्झाइन्छन् । राजनीतिक दबावमा पर्न अनिच्छुक जिल्लाका प्रशासक तथा प्रहरीहरू प्रायःजसो राजनीतिक दलहरूलाई आन्तरिक तथा अन्तरदलीय विवादहरू आन्तरिक रूपमा मिलाउन प्रेरित र सहयोग गर्छन् । उदाहरणका लागि, एमालेसम्बद्ध युवा संघको जनकपुरमा सम्पन्न राष्ट्रिय सम्मेलनपछि अक्टोबर २०१० मा डडेल्धुरामा युवा संघका घटकहरूबीचको आन्तरिक विवादको परिणामतः एमालेका एक जिल्लास्तरीय वरिष्ठ नेतामाथि छुरी प्रहार भयो । प्रहरी र प्रशासनले पक्राउ गर्ने चेतावनी दिए पनि उनीहरूले दललाई उक्त मामिलालाई आन्तरिक रूपमै सुल्झाउन केही दिनको समय दिए र अन्ततः गिरफ्तारी गरिएन । पर्यवेक्षकहरूले यस्तै प्रकृतिका उदाहरणहरू देशभरि रहेको उल्लेख गरेका छन् र रूपन्देही, धनुषा र मोरङसहितका जिल्लाहरूमा वार्ता गरिएका व्यक्तिहरूले राजनीतिक दलका विवादको “आन्तरिक” समाधानका लागि दल, प्रहरी र प्रशासकहरूको विशेष प्राथमिकता रहेको बताएका छन् । यस अलावा, राजनीतिक मुद्दाहरू प्रशासनसमक्ष विरलै आउने पश्चिम क्षेत्रको एक जिल्लाका प्रमुख जिल्ला अधिकारीले “सामाजिक सामञ्जस्यता खल्बलिने” डरले एक विचाराधीन मुद्दामा सिफारिश जारी गर्न ढिलाइ गरेको कार्टर सेन्टरका पर्यवेक्षकहरूलाई बताएका छन् ।

यस विपरित केही जिल्लाहरूमा गम्भीर राजनीतिक विवादहरू प्रमुख जिल्ला अधिकारी वा प्रहरीद्वारा बोलाइएका सर्वदलीय बैठकहरूसमक्ष प्रवेश गराइएका छन् । धेरै जिल्लामा वार्ता गरिएका व्यक्तिहरूको भनाइमा जिल्लाको सुरक्षामा व्यापक खतराजन्य मुद्दाहरूलाई सर्वदलीय मञ्चहरूमा सुल्झाउन सकिन्छ । उदाहरणका लागि, कन्चनपुरमा सर्वदलीय बैठक तथा संयुक्त अनुसन्धानले जुन २०१० मा एक क्याम्पसमा भएको एनेकपा(माओवादी) तथा एमालेका विद्यार्थी घटकहरूबीच झडपपश्चात्को तनावलाई स्थिर गराउन सहयोग गर्‍यो । तथापि, अधिकांश जिल्लामा माथि व्याख्या गरिएजस्तै विवादहरू अक्सर सम्बन्धित राजनीतिक दलहरूको बीचमा प्रत्यक्ष समाधान भएको प्रतीत हुन्छ । उजुरी गरिएका औपचारिक गुनासो वा अदालती मुद्दाहरु प्रायःजसो कार्यान्वयन गरिँदैनन्, बरु त्यस्ता मुद्दाहरु राजनीतिक दल वा प्रशासनद्वारा मध्यस्थताको माध्यमले विवाद समाधान गर्ने “बार्गेनिङ” विन्दुको रुपमा प्रयोग गर्ने गरिन्छन् ।

झडपहरूपछि राजनीतिक दलहरूका बीचमा हुने सम्झौताहरूमा माफी माग्ने, औषधी उपचार वा घाउचोट लागेमा रकम तिर्ने, सम्पत्ति नाश भएमा क्षतिपूर्ति दिने तथा त्यस्ता व्यवहार पुनः नदोहोर्‍याउने वाचाहरू हुन सक्छन् । गोरखामा जुन २०१० मा गा.वि.स. स्तरीय विद्यालय व्यवस्थापन समितिको निर्वाचन विवादको परिणामतः श्रृंखलाबद्ध झडपहरू भए जसमा एनेकपा(माओवादी) तथा नेपाली कांग्रेसका कार्यकर्ताहरू घाइते भए । दुवै दलका जिल्लास्तरीय नेताहरूले एकअर्कामाथि अभियोग लगाउन अस्वीकार गरे र भविष्यमा हुन सक्ने हिंसाबाट जोगिन सात बुँदे आचारसंहितामा सम्झौता गरे । सम्झौताको भोलिपल्टै भएको अर्को झडपले सम्झौताको पालना गरिन्छ भन्ने विश्वासलाई कमजोर तुल्यायो । बाग्लुङमा माओवादीसम्बद्ध वाइ.सि.एलका सदस्यहरूले अप्रिल २०१० मा भएको झडपपछि नेपाली कांग्रेसका धेरै कार्यकर्ताहरूलाई क्षतिपूर्ति तिर्न राजी भएको बताइयो ।

## २. बजेट तथा विकास सम्बन्धी विवादहरू खास गरी जिल्ला विकास समिति (जि.वि.स.) र गाउँ विकास समितिहरूका (गा.वि.स.) सर्वदलीय संयन्त्रहरूबाट मिलाइन्छन् ।

बजेट तथा विकाससम्बन्धी विवादहरू जिल्ला तथा गा.वि.स. तहमा राजनीतिक असहमतिका धेरैजसो साझा स्रोतहरू मध्येका हुन् । स्थानीय निर्वाचित अङ्गहरूको रिक्ततामा स्थानीय विकास अधिकारी तथा गा.वि.स. सचिवको अध्यक्षताका जिल्ला तथा गा.वि.स. का सर्वदलीय संयन्त्रहरूले स्थानीय विकास खर्चहरूको प्रबन्ध मिलाउँछन् ।[२] राजनीतिक दलहरू यी अङ्गहरूमा आफ्नो प्रभाव तथा खास परियोजनाहरूको व्यवस्थापन गर्ने "उपभोक्ता समिति" माथि नियन्त्रणका लागि प्रतिस्पर्धा गर्छन् । तनावका स्रोतहरु बजेट विभाजनमा असहमतिदेखि भ्रष्टाचार तथा कोषको दुरूपयोगको आरोपसम्म छन् । धेरै सरकारी, राजनीतिक दल तथा नागरिक समाजका प्रतिनिधि वार्ताकारहरूले स्थानीय विकासको खर्च जिल्ला तथा गा.वि.स. तहमा राजनीतिक संरक्षणको मुख्य श्रोत हुने गरेको कार्टर सेन्टरका पर्यवेक्षकहरूसमक्ष उल्लेख गरेका छन् । पूर्वाञ्चल क्षेत्रका एक स्थानीय विकास अधिकारीले गुनासो गरे, "हामी बस्ने यो "लोकतन्त्र" होइन, यो त "लुट-तन्त्र" हो ।"

स्थानीय विकासको बजेट बाँडफाँड गर्न र कुनै विवाद सिर्जना भएमा त्यसको समाधान गर्ने कार्यमा सर्वदलीय संयन्त्रको माध्यमबाट राजनीतिक दलहरू मुख्य पात्र हुन् । राजनीतिक दलहरू स्थानीय बजेटमाथि सहमतिमा पुग्न असफल भए विकास कार्यका लागि रकम निकासा हुन ढिलाइ हुन सक्छ । कहिलेकाहीं यो ढिलाई धेरै महिनाका लागि हुन्छ । सुनसरीका एक गा.वि.स. सचिवले पर्यवेक्षकहरूलाई, "राजनीतिक सहमतिबिना गा.वि.स.हरूमा विकास कार्य असम्भव छ" भने ।

## ३. भ्रमण गरिएका थोरै जिल्लाका स्थानीय शान्ति समितिहरूले केही विवादहरूको सम्बोधन गर्न सहयोग गरेका छन् । थोरै अपवादबाहेक, ती स्थानीय शान्ति समितिहरूले आफूलाई गम्भीर राजनीतिक विवादहरूमा मात्र सीमित राखेका छन् र स्थानीय द्वन्द्वहरूलाई सम्बोधन गर्ने व्यापक प्रयासहरूमा संलग्न छैनन् ।

भ्रमण गरेका थोरै मात्र जिल्लाहरूमा स्थानीय शान्ति समितिहरूले केही विवादहरूलाई सम्बोधन गर्न सहयोग गरेका छन् जो अधिकांशतः राजनीतिक दलबीचका द्वन्द्वहरू हुन् । सुर्खेतमा अप्रिल २०१० मा एमाले र एनेकपा (माओवादी) कार्यकर्ताहरूबीचको झडपमा दुवै दलका वरिष्ठ जिल्ला नेताहरू घाइते भएपश्चात् स्थानीय शान्ति समिति संलग्न भयो । राजनीतिक दल, नागरिक समाज तथा सरकारी प्रतिनिधिहरूले यस घटनालाई सम्बोधन गर्न र अन्य केही कम गम्भीर विवाद सुल्झाउनमा स्थानीय शान्ति समितिले खेलेको भूमिकाको सराहना गरे । धनकुटामा वार्ता गरिएका धेरै व्यक्तिहरूले राजनीतिक दलहरूबीच विकास परियोजनाका लागि उपभोक्ता समितिहरू, शिक्षकको नियुक्ति तथा विद्यालय व्यवस्थापन समितिहरूसँग सम्बन्धित दलगत विवादहरू समाधान गर्न स्थानीय शान्ति समितिले गरेको प्रयासको सराहना गरे । तथापि, थोरै घटनाहरूमा मात्र स्थानीय शान्ति समितिहरूले नागरिकहरूले भोगिरहेका व्यापक विवादहरूको सम्बोधन गर्ने कार्य गरेको कार्टर सेन्टरका पर्यवेक्षकहरूले पाएका छन् । बरु समितिहरूमा राजनीतिक दलको सशक्त भूमिका देखाउँदै उनीहरू मुख्यतः राजनीतिक वा राजनीतिकरण गरिएका विवादहरू मात्र मिलाउन बढी केन्द्रित भएका छन् ।[३]

गा.वि.स. तहका स्थानीय शान्ति समितिहरू धेरै जिल्लामा गठन गरिएका छन् । अहिलेसम्म ती धेरै हदसम्म निष्कृय देखिएका छन् र राष्ट्रिय वा जिल्ला तहबाट थोरै मात्र निर्देशन, तालिम तथा रकम प्राप्त गरेका छन् । शान्ति तथा पुनर्निर्माण मन्त्रालयबाट रकम प्राप्त गर्ने लगभग सबै जिल्ला तहका स्थानीय शान्ति समितिहरूले मन्त्रालयको सुझावअनुरूप आफ्ना सदस्यहरूलाई मध्यस्थता तालिमको लागि अनुरोध गरेको बताइएको छ । सुदूर पश्चिमका एक स्थानीय शान्ति समिति संयोजकले जिल्ला तहका स्थानीय शान्ति समिति सदस्यहरूले द्वन्द्व मध्यस्थताका लागि गा.वि.स सदस्यहरूलाई तालिम दिन सहयोग गर्नुपर्ने मान्यता राखे । मन्त्रालयले स्थानीय तहको द्वन्द्वलाई सम्बोधन गर्नु नै स्थानीय

---

[२] यी "सर्वदलीय संयन्त्रहरू" स्थानीय विकास मन्त्रालयले अगस्ट २००६ मा जारी गरेको परिपत्रअनुरुपका औपचारिक संरचनाहरू हुन् र स्थानीय निर्वाचनको अभावमा अन्तरिम अङ्गको रुपमा कार्य गर्ने अभिप्राय हो । तुलनात्मक रुपमा खण्ड १ मा उल्लेख गरिएका सर्वदलीय बैठकहरू अनौपचारिक हुन् र यी बैठकहरू संवेदनशील विषयहरूमा राजनीतिक सहमति निर्माण गर्न जिल्ला प्रशासन वा प्रहरीहरूद्वारा बोलाइन्छन् ।

[३] स्थानीय शान्ति समितिहरूमा औपचारिक रुपमा गैर दलीय आधारमा हुनु पर्ने नागरिक समाज, द्वन्द्व पीडित तथा अल्पसंख्यक प्रतिनिधिहरूको लागि कोटा भए पनि यी पदहरू दलको मनोनयनका आधारमा पूर्ति हुने र अधिकांश स्थानीय शान्ति समिति सदस्यहरू दलसम्बद्ध भएको देखिने पर्यवेक्षकहरूलाई बारम्बार बताइएको छ । स्थानीय शान्ति समितिहरूको थप जानकारीका लागि कृपया कार्टर सेन्टरको नोभेम्बर २३, २०१० को स्थानीय राजनीतिक तथा शान्ति प्रकृया प्रवृत्तिको प्रतिवेदन हेर्नुहोस् । प्रतिवेदन http://www.cartercenter.org/news/pr/nepal-112310.html मा उपलब्ध छ ।

शान्ति समितिको कार्यादेशको मूल भाव भएको आफ्नो भनाइको पुनर्पुष्टि गरेको छ ।[४]

तथापि अधिकांश स्थानीय शान्ति समितिहरूको मुख्य लक्ष्य द्वन्द्व निराकरणमा लक्षित हुनुभन्दा अन्तरिम राहतका लागि द्वन्द्व पीडितहरूबाट आवेदनहरू लिनु र तिनको समीक्षा गर्नु रहेको छ । तुलनात्मक रूपमा थोरै स्थानीय राजनीतिक दलका वार्ताकारहरूले स्थानीय शान्ति समितिको महत्व यो कार्यमा भन्दा बढी भएको स्वीकारेका छन् । दलहरूको आफ्ना विवादहरू निजी रूपले वा सर्वदलीय बैठकजस्ता मञ्चबाट समाधान गर्ने प्राथमिकताले स्थानीय शान्ति समितिलाई धेरै जिल्लाहरूमा द्वन्द्व-निराकरण अङ्गको रूपमा उपयोग गर्नबाट वञ्चित तुल्याएको देखिन्छ । उदाहरणका लागि एक सुदूर पश्चिमी जिल्लामा स्थानीय शान्ति समिति संयोजक तथा सचिव दुवैले जिल्ला अवस्थित द्वन्द्वहरू अन्य संयन्त्रद्वारा सुल्झिरहेको र त्यहाँ स्थानीय शान्ति समितिको संलग्नता आवश्यक नरहेको उल्लेख गरे । अन्य जिल्लाहरूमा स्थानीय शान्ति समितिभित्रका दलगत विवादहरूले समितिको समग्र कार्यसंचालन र विशेष गरी विवाद निराकरण अङ्गको रूपमा यसको क्षमतालाई सीमित बनाएको छ ।

**४. एकीकृत नेपाल कम्यूनिष्ट पार्टी (माओवादी) को "जनअदालत" अन्त्य भएको प्रतीत हुन्छ । तथापि, केही अन्तर्वार्ता लिइएका व्यक्तिहरुले एनेकपा(माओवादी) कार्यकर्ताहरूले निश्चित क्षेत्रमा विवाद निराकरणका लागि असमानुपातिक भूमिका जारी राखेकोप्रति चासो देखाएका छन् ।**

राष्ट्रिय संचारमा एनेकपा(माओवादी) को समानान्तर न्याय प्रणाली संयन्त्रको बारेमा आएको पृथक विवरण र माओवादी नेताहरूले कहिलेकाहीं समानान्तर पुनः संरचना खडा गर्ने चेतावनी दिएको भए पनि कार्टर सेन्टरका पर्यवेक्षकहरूले ती विवरणहरूलाई पुष्टि गर्न सकेका छैनन् । "जनअदालत" माओवादीहरूको दह्रो उपस्थिति रहेको ठाउँमा समेत अब संचालनमा रहेको देखिन्न । उदाहरणका लागि, नोभेम्बर २००९ मा रुकुममा कार्टर सेन्टरका पर्यवेक्षकहरूले कुरा गरेका सबै व्यक्तिहरूले जिल्लामा "जनअदालत" संचालन भैरहेका छन् भन्ने एक संचारमाध्यमको विवरणलाई अस्वीकार गरे ।

राज्यको उपस्थिति विशेष रुपले कमजोर रहेका दुर्गम पहाडी र हिमाली क्षेत्रमा अनुसन्धानहरूमा सहयोग लिन, कहिलेकाहीं शंकास्पदहरूलाई पत्ता लगाउन र नियन्त्रणमा लिन प्रहरीहरू प्रायःजसो नागरिक तथा स्थानीय राजनीतिक दलका सदस्यहरूमा निर्भर हुन्छन् । ती दुर्गम स्थानहरूमा माओवादीको पकडको अर्थ उनीहरूका कार्यकर्तामा अन्य दलको तुलनामा असमानुपातिक भूमिका हुन्छ । त्यस्ता "सहायता" हरूमा प्रहरी र प्रशासनका धारणा मिश्रित छन् । कहिलेकाहीं यी सहायताहरूलाई प्रहरीले स्वागत गर्छन् र यसलाई प्रहरीको कार्यमा राजनीतिक हस्तक्षेपको रूपमा लिइँदैन । मध्य पश्चिमका धेरै जिल्लाका जिल्ला तथा गा.वि.स. तहका अधिकारीहरूको भनाइमा अनुसन्धान तथा शंकास्पद व्यक्तिलाई पत्ता लगाउने सन्दर्भमा प्रहरीको कमजोर स्रोत साधनको कारणले राजनीतिक दलको सहायता उपयोगी छ । तथापि विशेष गरी माओवादीको विशेष पकड रहेको मानिएका केही क्षेत्रमा वार्ता गरिएका व्यक्तिहरूले एनेकपा(माओवादी) का कार्यकर्ताहरूले विवाद समाधानमा अत्यधिक भूमिका लिन जारी राखेकोप्रति चासो देखाएका छन् । सुदुर पश्चिमको एक जिल्लाको दुर्गम क्षेत्रका प्रहरीले कहिलेकाहीं माओवादीहरूले अनुसन्धानलाई असर पारेको गुनासो गरेका छन् र केही जिल्लाहरूमा माओवादीहरू दोषीहरूलाई "सजाय दिने" कार्यमा संलग्न रहेको बताइएको छ ।

**५. राजनीतिक दलहरूले आफ्ना कार्यकर्ता संलग्न भएका व्यक्तिगत विवादमा प्रायः सहयोग गरे पनि सामान्यतः नागरिकहरूको बीचमा भएका विवाद निराकरण गर्न उनीहरूले मुख्य भूमिका खेलेको देखिँदैन ।**

व्यक्तिगत विवादमा मुछिएका राजनीतिक दलका कार्यकर्ताहरू सहायताका लागि प्रायजसो आफ्नो दलमा पुग्छन् । गोरखाका एक वरिष्ठ जिल्ला अधिकारीले भनेजस्तै, "आफ्ना कार्यकर्ताहरू वा सहानुभूति राख्नेहरू संलग्न भएमा राजनीतिक दलहरू गैर राजनीतिक मुद्दाहरूलाई प्रभावित पार्न दवाव दिन्छन् ।" उदाहरणका लागि, पश्चिमाञ्चल क्षेत्रको एक जिल्लामा एनेकपा(माओवादी) को संगठनसम्बद्ध एक सडक व्यापारीलाई छिमेकी पसलेले पसल हटाउन दवाव दिएको एक घटनाबारे पर्यवेक्षकहरूले उल्लेख गरे । संगठनका एक प्रतिनिधिले घटनाको मध्यस्थता गरे र पसले र सडक व्यापारीको बीचमा मेल गराउन सहयोग गरे । सडक व्यापारी सन्तुष्ट भए तापनि पसलेले दलबाट "धम्कीपूर्ण फोनहरू" आएको र मध्यस्थता प्रक्रियाको समयमा त्रसित महसुस गरेको गुनासो गरे । त्यसैगरी, विभिन्न दलसम्बद्ध व्यक्तिहरूबीचका व्यक्तिगत विवादहरू उनीहरू सम्बद्ध दलका सदस्यहरूको हस्तक्षेप पछि अझ बढी राजनीतिकरण भएको हुन सक्छन् । सुदूर पश्चिम क्षेत्रमा एक जना नेपाली कांग्रेस तथा अर्को एनेकपा(माओवादी) सम्बद्ध दुई व्यक्तिहरूबीच भएको व्यक्तिगत भनिएको विवादले राजनीतिक रूप लियो जब माओवादी सदस्यले छलफल भैरहेको प्रहरी कार्यालयमा

---

[४]शान्ति तथा पुनर्निर्माण मन्त्रालयले १६ डिसेम्बर २०१० मा आयोजना गरेको कार्यशाला ।

स्थानीय माओवादीहरूलाई बोलाए ।

कार्टर सेन्टरका पर्यवेक्षकहरूद्वारा जिज्ञासा राखिँदा गा.वि.स. तहका दल असम्बद्ध केही नागरिकहरूले राजनीतिक दललाई द्वन्द्व समाधानको साधनको रूपमा उल्लेख गरे ।[५] दलका स्थानीय प्रतिनिधिहरू प्रमुख नागरिकको हैसियतमा विवादको मध्यस्थतामा सहयोग गर्नका लागि बारम्बार बोलाइन्छन् । प्राय:जसो नागरिकहरूबीचका साना विवादहरू मुख्य स्थानीय बासिन्दाहरूको एक परिषद (तल खण्ड ७ मा हेर्नुहोस्) को मध्यस्थतामा समाधान हुन्छन् । शिक्षक, प्रतिष्ठित ज्येष्ठ नागरिक तथा "बुद्धिजीवी" का साथसाथै दलका प्रतिनिधिहरू प्रमुख नागरिकहरूमा पर्दछन् । तथापि, उदाहरणका लागि झापामा लिम्बुवान स्वयंसेवक तथा वाइ.सि.एल. र बैतडी तथा जाजरकोटका केही क्षेत्रमा वाइ.सि.एलले जस्तै केही जिल्लाहरूमा दलका युवा घटकहरूले विवाद समाधान गर्न वृहत भूमिका खेलेको बताइन्छ ।

## ६. गा.वि.स. तथा जिल्ला तहमा प्रहरी र अदालतले अत्यन्त गम्भीर मुद्दाहरुबाहेक सबैमा विवादकर्ताहरुलाई कानूनी कारवाहीभन्दा मध्यस्थता खोज्न प्रोत्साहन गर्दछन् ।

प्रहरी र अदालतले विवादकर्ताहरूलाई घटनाहरूको आन्तरिक समाधानका लागि बारम्बार प्रेरित गर्दछन् । प्रशासनको कार्यभार कम गर्नका साथसाथै स्थानीयहरूले मध्यस्थता गरेका परिणामहरू सरकारी निर्णयहरूभन्दा बढी श्रेयस्कर हुने मान्यताका कारण यसो गरिन्छ । एक प्रमुख जिल्ला अधिकारीले भने, "प्राय:गरी बढी सहमतिपूर्ण समाधान प्राप्त गरिने आशामा कानूनलाई छेउ लगाइन्छ ।" अझ बढी, अदालतहरू सुस्त र खर्चिलो हुने वृहत मान्यता छ र मुद्दाहरूको बक्यौताले धेरै विवादहरूको निराकरण समयमै हुन असम्भव हुन्छ । प्रहरी तथा अदालतहरू धनीहरूप्रति पूर्वाग्रही हुने मान्यतामा केही नेपालीहरू न्यायप्रणालीमा जान हिच्किचाउँछन् ।[६]

केही नागरिक मुद्दाहरूमा न्यायिक प्रक्रिया अबलम्बन नगर्न प्रोत्साहित गर्ने कार्य संगठित भएको छ । उदाहरणका लागि, सरकारले केही जिल्ला अदालतमा "पुनर्मिलन केन्द्र" को स्थापना गरेको छ । अदालतमा मुद्दा दायर गरेका व्यक्तिहरूलाई आफ्ना विवादहरू सुल्झाउन अदालती मुद्दामा अघि बढ्नुभन्दा यी सरकारी अनौपचारिक संयन्त्रको सहयोगमा मिल्न प्रयास गर्न भनिन्छ । कन्चनपुरका धेरै नागरिक समाज तथा सरकारी अधिकारीहरूको भनाइमा यो संयन्त्रले मुद्दाहरूलाई सौहार्द्रतापूर्ण समाधान गर्न सक्छन् र मुद्दामामिलाबाट हुन सक्ने व्यक्तिगत तनावलाई घटाउँछन् । केही जिल्लाका अधिवक्ता तथा अधिकारीहरूले एकापसमा विरोधाभाषपूर्ण रहेका र केही मुद्दाहरूमा अघि बढ्नका लागि असहज बनाउने धेरै अप्रचलित पञ्चायतकालीन कानूनहरूको समेत उल्लेख गरेका छन् जो अझै पनि किताबमा भेटिन्छन् ।

सामाजिक दवावले पनि अनौपचारिक संयन्त्रको प्रयोगलाई बढावा दिएका छन् । पाल्पाका एक वकीलले उल्लेख गरे, "कुनै पनि मुद्दा गाउँभन्दा बाहिर नलैजान तीव्र दवाव हुन्छ ।" कार्टर सेन्टरका पर्यवेक्षकहरूले स्थानीय समस्याहरू स्थानीय जनताद्वारा नै समाधान गरिनुपर्ने मान्यता समग्रमा रहेको उल्लेख गरेका छन् । धेरै वार्ताकारहरूको भनाइमा औपचारिक संयन्त्रहरूले जरिवाना वा कैदजस्ता कानूनी कारवाही गर्न सक्छन् तर तिनले उक्त कार्यको सामाजिक परिणाम वा विवादको भित्री कारणको निराकरण गर्दैनन् । उदाहरणको लागि कास्कीका धेरै नागरिकहरूले प्रहरीसमक्ष मामिलाहरू लैजाँदा गाउँमा "तीक्तता" उत्पन्न हुने उल्लेख गर्दै अनौपचारिक प्रक्रियाहरूमा जोड दिए ।

तथापि, केही मानवअधिकारकर्मीहरू मान्दछन् कि मध्यस्थताका लागि दवाव निकै बढी छ । सिराहाका एक अधिकारकर्मीले भने, "प्रहरीहरू धेरै मुद्दाहरूलाई छेउ लगाइरहेका छन्... धेरै नागरिकहरू न्याय पाइरहेका छैनन् ।" अर्का एक व्यक्तिको अनुभवमा प्रहरीहरूले "महिलाका विषय" सँग सम्बन्धितसहित निश्चित मुद्दाहरू लिन बेवास्ता गरे । अनौपचारिक प्रक्रियाहरूले सामाजिक सद्भाव कायम राख्न सफल भए पनि तिनले वर्ग, लिङ्ग तथा जातीय सीमान्तीकरणको

[५] मार्च २०१० मा प्रकाशित आइडिए तथा सेफरवर्ल्डको मत तथ्यांकले संकेत गर्छ कि "तपाईं सामान्यत: न्याय खोज्न कहाँ जानु हुन्छ ?" भनेर सोधिँदा १ प्रतिशत उत्तरदाताले मात्र राजनीतिक दल भने र अर्को १ प्रतिशतले राजनीतिक युवा समूहको नाम लिए । यस अलावा, ६७ प्रतिशत उत्तरदाताले न्यायको एक प्रकारमा राजनीतिक यूवा समूहहरू तथा विवाद निराकरण प्रणालीको बारेमा सुनेको बताए पनि ४ प्रतिशतले मात्र उनीहरूलाई समस्या समाधान गर्न सम्पर्क गरेको बताए । (आइडिए र सेफरवर्ल्ड, "Treading water? Security and Justice in Nepal in 2009", ४४, ४६, http://www.saferworld.org.uk/smartweb/resources/view-resource/441 मा उपलब्ध ।)

[६] हालैको मत तथ्यांकअनुसार ४२ प्रतिशत नेपालीहरूले प्रहरीले सबै समूहलाई समान व्यवहार गर्दैन भनेका छन् । ती मध्ये ८६ प्रतिशतले प्रहरीले गरीबहरूलाई अनुचित व्यवहार गर्ने बताए । त्यसैगरी, २९ प्रतिशतले अदालतले सबै समूहहरूलाई समान व्यवहार नगर्ने बताए जसमध्येका ८९ प्रतिशतले गरिबहरूमाथि अनुचित व्यवहार हुने बताए (आइडिए र सेफरवर्ल्ड, प्रकाशोन्मूख; स्वीकृतिसाथ उद्धृत) । आइडिए र सेफरवर्ल्ड, "Treading water? Security and Justice in Nepal in 2009" पनि हेर्नुहोस् ।

ऐतिहासिक ढाँचालाई अझ बलियो पार्न सक्छन् ।[७]

## ७. अधिकांश विवादहरूमा राजनीतिक दल वा दलका सदस्यको संलग्नता हुँदैन र अधिकांश विवादहरू राज्यका संयन्त्रभन्दा बाहिरै मिलाइन्छन् ।

अधिकांश व्यक्तिगत विवादहरू अंशतः वा पूर्णतः प्रशासनिक वा न्यायिक संयन्त्रभन्दा अनौपचारिक प्रक्रियाहरूद्वारा सुल्झाइन्छन् । हत्या तथा अपहरणजस्ता "गम्भीर" मुद्दाहरूका साथै सम्बन्धविच्छेद जस्ता केही सामाजिक मामिलाहरू बृहत रूपमा प्रहरी र अदालतद्वारा सुल्झाइने गरिए पनि अन्य धेरै प्रकारका विवादहरू अंशतः वा मुख्यतः अनौपचारिक माध्यमद्वारा समाधान गरिन्छन् । अन्तर्वार्ता गरिएका व्यक्तिहरूले घरेलु विवाद र घरेलु हिंसा, सामान्य चोरी, सडक दुर्घटना, जग्गा सीमा विवाद, मदिराको उन्मादमा हुने झगडालाई विवादका सामान्य स्रोतका रूपमा सूचिकृत गरे जो प्रायः गरी अनौपचारिक मध्यस्थताद्वारा समाधान गरिन्छन् ।

पर्यवेक्षकहरूले गाउँ तथा नगरपालिकाहरूमा थरीथरीका अनौपचारिक विवाद निराकरण संयन्त्रहरूको प्रयोग भएको पाए । गा.वि.स. तहको द्वन्द्व निराकरणको सर्वाधिक साझा नमूनामध्ये ५ देखि १० जना स्थानीय "बुद्धिजीवी" वा वरिष्ठ नागरिकहरूको समूह हो जसले दुवै पक्ष र उपलब्ध साक्षीको बयान लिन्छन् र विवादमा मध्यस्थता वा निर्णय गरिदिन्छन् । समूहको सदस्यता प्रायः तदर्थ हुन्छ र तिनै नागरिकहरूले सबै विवाद हेर्ने निश्चित हुँदैन । केही गा.वि.स. हरूमा वरिष्ठ नागरिकहरूका अलावा युवा क्लबका नेताहरू, आमा समूहहरू, लघुऋण वा वचत संस्थाहरू र अन्य समुदायिक संगठनहरूलाई विवाद मध्यस्थतामा सहयोग गर्नका लागि बोलाइन्छन् । पर्यवेक्षकहरूले थोरै गा.वि.स.हरूमा रहेका गैरसरकारी संस्था-प्रबर्द्धित "मध्यस्थता केन्द्र" हरू रहेको पनि उल्लेख गरेका छन् । थारुहरूले *बडघर* को चलन गरेजस्तै केही जातिय समूहहरूले परम्परागत परिषद वा अगुवाहरूको समेत चलन गरेका छन् । प्रहरी र स्थानीय सरकारी अधिकारीहरू पनि प्रायःजसो अनौपचारिक रुपमा मध्यस्थतामा सहभागी हुन्छन् वा सहजीकरण गर्छन् ।

मध्यस्थतामा संलग्न व्यक्तिहरूको संयोजन संलग्न व्यक्तिहरूको प्राथमिकता, द्वन्दको प्रकृति, स्थानीय स्तरमा उपलब्ध सांस्कृतिक र सांगठनिक स्रोतसाधन तथा स्थानीय मान्यताअनुसार फरक हुन्छन् । कसले मध्यस्थता गर्ने भन्नेमा प्रायः विवादित व्यक्तिहरूको स्वनिर्णय हुन्छ र खास किसिमका विवादहरूको मध्यस्थता गर्नमा खास संगठनहरूको बढी सम्भावना हुने गर्दछ । उदाहरणको लागि सुर्खेतमा केही आमा समूहहरूले पारिवारिक विवादहरूमा मध्यस्थताको प्रस्ताव गर्छन् र जिल्ला उद्योग वाणिज्य संघले व्यापारीहरूबीचको विवाद समाधानमा सहयोग गर्दछ । प्रहरी चौकी स्थापना भएका गा.वि.स.हरूमा विवादित व्यक्तिहरू पुग्ने पहिलो ठाउँ प्रहरी हुन सक्छ र उनीहरूले औपचारिक रूपमा मुद्दा दर्ता नभए पनि मध्यस्थताका लागि महत्वपूर्ण भूमिका खेल्न सक्छन् ।

## ई. निष्कर्ष

कार्टर सेन्टरका पर्यवेक्षकहरूले दल तथा नागरिकहरूले राजनीतिक र गैरराजनीतिक विवादहरूलाई सम्बोधन गर्ने विविध संयन्त्रहरूको दस्तावेज अभिलेख गरेको छ । यी संयन्त्रहरूको कार्य संचालन स्थानीय संगठनहरू, राजनीति र संस्कृति अनुरूप जिल्लाअनुसार फरक हुन सक्छन् । स्थानीय द्वन्द्वको स्रोतको बुझाई र तिनको निराकरण गर्ने पद्धतिको ज्ञानले प्रशासकहरू, प्रहरी तथा नागरिक समाजलाई विवादको संख्यालाई कम गर्न सघाउँछ र तिनको व्यवस्थापन गर्ने औपचारिक र अनौपचारिक निकायहरूलाई प्रभावकारी रूपमा सहयोग गर्न सक्छन् । यो संक्षिप्त प्रतिवेदनले यी मुद्दाहरूमा थप अनुसन्धानका लागि प्रोत्साहित गर्नेछ भन्नेमा सेन्टर आशावादी छ ।

सेन्टर आफ्नो समय तथा धारणाहरु प्रदान गर्ने नागरिक, नागरिक समाजका प्रतिनिधि, सरकारी तथा सुरक्षा अधिकारी, पत्रकार, राजनीतिक दलका सदस्य तथा अन्तर्राष्ट्रिय समुदायका सदस्यहरुप्रति आभार व्यक्त गर्दछ । उनीहरुको सहयोगबिना यो प्रतिवेदन तथा नेपालमा कार्टर सेन्टरको कार्य सम्भव हुन सक्दैनथ्यो ।

---

[७]उदाहरणका लागि सेफवर्ल्डको "न्याय अन्धो हुनुपर्छ, तर के नेपालको अनौपचारिक न्याय संयन्त्रलाई अन्तर्राष्ट्रिय समुदायको सहयोग आँखा चिम्लेर दिइएको छ?" ( प्रकाशोन्मूख; स्वीकृतिसाथ उद्धृत) हेर्नुहोस् ।